**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**जनशक्ति व्यवस्थापन विभागको**
# सूचना

यस बैंकमा प्रशासन सेवातर्फ देहायमा उल्लिखित कार्यालयमा रिक्त रहेको सहायक (सहायक द्वितीय) पद स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका तथा कुनै वात कसूर नलागेका इच्छुक योग्य नेपाली नागरिकले यस बैंकको दरखास्त फाराममा भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रतिलिपिहरु उम्मेदवार स्वयंले प्रमाणित गरी हालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो संलग्न गरी देहायका कार्यालयमा २०७१ साल बैशाख १८ गतेका दिन भित्र दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ ।

माथि लेखिए बमोजिम म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । उपर्युक्त कार्यको लागि तोकिएको स्थानमा आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयंले व्यहोर्नु पर्नेछ ।

१. **पद :- सहायक ( सहायक द्वितीय श्रेणी )**

२. **आवश्यक पद संख्या :-**

| सि. नं. | कार्यालय | पद संख्या | समावेशी तर्फ | | | | खुला तर्फ |
|---|---|---|---|---|---|---|---|
| | | | दलित | मधेशी | आदिवासि/ जनजाती | महिला | |
| | विज्ञापन नम्बरः- | | स १/०७० | स २/०७० | स ३/०७० | स ४/०७० | स ५/०७० |
| १. | नेपाल राष्ट्र बैङ्क, विराटनगर | ५ | – | – | १ | १ | ३ |
| २. | नेपाल राष्ट्र बैङ्क, जनकपुर | ९ | १ | १ | १ | १ | ५ |
| ३. | नेपाल राष्ट्र बैङ्क, वीरगञ्ज | ७ | – | १ | १ | १ | ४ |
| ४. | नेपाल राष्ट्र बैङ्क, पोखरा | ५ | – | – | १ | १ | ३ |
| ५. | नेपाल राष्ट्र बैङ्क, सिद्धार्थनगर | ७ | – | १ | १ | १ | ४ |
| ६. | नेपाल राष्ट्र बैङ्क, नेपालगञ्ज | ७ | – | १ | १ | १ | ४ |
| ७. | नेपाल राष्ट्र बैङ्क, धनगढी | ५ | – | – | १ | १ | ३ |
| | कुल जम्माः | ४५ | १ | ४ | ७ | ७ | २६ |

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

४. **दरखास्तको आधार :-** समावेशी समूहको लागि छुट्टयाईएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा,

तर, नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

५. **दरखास्त फाराम पाइने स्थान :-** नेपाल राष्ट्र बैंकका जिल्लास्थित सम्पूर्ण कार्यालयहरुका साथै यस बैंकको **website** बाट डाउनलोड गरिएको दरखास्त फाराम समेत भरेर बुझाउन सकिनेछ ।

६. **दरखास्त बुझाउने स्थान :-** जुन कार्यालयको आवश्यक पदको लागि दरखास्त फाराम भरिएको हो सोही कार्यालयमा दरखास्त बुझाउनु पर्नेछ र परीक्षा सञ्चालन सो कार्यालय रहेको जिल्लास्थित स्थानमा हुनेछ ।

७. **तलब स्केल :-** शुरु स्केल रु. १७,१६०/०० ग्रेड: ८५८/०० अन्तिम स्केल: ३३,४६२/०० तथा बैंकको नियमानुसार अन्य सुविधाहरु ।

८. **कामको किसिम :-** नगद तथा बैंकिङ्ग र प्रशासनिक कार्य ।

९. **उम्मेदवारको उमेर :-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

१०. **उमेरको हद :-** यस बैंकको बहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

११. **उम्मेदवारको छनौट विधि :-** लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

१२. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

१३. **पदस्थापना :-** यस विज्ञापन अनुसार नियुक्ति हुने कर्मचारीलाई पदस्थापन भएको कार्यालयबाट एक तह बढुवा वा पाँच वर्षको सेवा अवधि पूरा नभई अन्यत्र सरुवा गरिने छैन ।

१४. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

१५. **परीक्षा/दरखास्त दस्तुर :-** खुला प्रतियोगिताको लागि दरखास्तसाथ रु. ६००।-(रु. छ सय) बुझाउनु पर्नेछ । खुला प्रतियोगिताको लागि दरखास्त दिने उम्मेदवार समावेशी समूहमा सम्मिलित हुने भए प्रत्येक समूहको लागि रु. २००।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ ।

तर खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले रु. ६००।- र एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहनेले प्रत्येक समूहको लागि रु.२००।- (रु.दुई सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । माथि उल्लिखित दस्तुर यस बैंकको बैंकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनु पर्नेछ ।

१६. **समकक्षता निर्धारण प्रमाणपत्र :-** उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारहरुले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट मान्यताप्राप्त भएको र समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

१७. **सम्पर्क मिति :-**रीतपूर्वक दरखास्त पेश गर्ने उम्मेदवारहरुको नाम, ठेगाना र समूह २०७१ साल जेष्ठ १८ गतेका दिन दरखास्त पेश गरेको कार्यालयमा प्रकाशित गरिने छ ।

१८. **लिखित परीक्षा हुने मिति र स्थान :-** सम्पर्क मितिका दिन प्रकाशित गरिनेछ ।

दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम नेपाल राष्ट्र बैंकको **website: www.nrb.org.np** मा **careers @ NRB** अन्तर्गत राखिएको छ ।

मिति: २०७०/१२/१७

**(जनकबहादुर अधिकारी)**
**का.मु. कार्यकारी निर्देशक**